# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०४।२२ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

हुम्ला जिल्ला, अदानचुली गाउँपालिकाले आ.व. २०७६/०७७ का विभिन्न योजनाहरु आफू अनुकूलका व्यक्तिहरुलाई पारी आर्थिक अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा हुम्ला जिल्ला, अदानचुली वडा नं. १ स्थित थलाल्नादेखि कल्खेसम्म र वडा नं. ४ स्थित लौठीदेखि रिल्म हुँदै बिगोठीसम्मको सडक निर्माणमा सरकारलाई हानिनोक्सानी पुऱ्याई गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कार्य गरेको पुष्टि हुन आएको हुँदा संलग्न देहायका व्यक्तिहरुको हकमा देहायबमोजिमको कसुरमा देहाय अनुसार सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहाय**

क) **अदानचुली गाउँपालिकाका निमित्त कार्यकारी अधिकृत टक दत्त प्याकुरेल, इन्जिनियर मकरध्वज शाही र असिस्टेण्ट सव-इन्जिनियर विनोद थापा**ले थलाल्नादेखि कल्खेसम्म र लौठीदेखि रिल्म हुँदै विगोठीसम्म सडक निमार्णमा रु.२१,४७,४९२।७३ ठेकेदारले फिल्डमा गरेको वास्तविक कामभन्दा नापी किताबमा बढी काम गरेको देखाई झुट्टा विल बनाई बद्‌नियतसाथ सरकारी रकम भुक्तानी दिई निजहरु टक दत्त प्याकुरेल, मकरध्वज शाही र विनोद थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसुर गरेको हुँदा निजहरुलाई बिगो रु.२१,४७,४९२।७३ (अक्षरुपी एकाईस लाख सतचालीस हजार चार सय बयानब्बे रुपैया पैसा त्रिहत्तर) कायम गरी ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम नै बिगो असुल उपर हुन मागदाबी लिइएको छ ।

साथै, निजहरुले वास्तविक फिल्डमा भएको कार्यभन्दा बढी नभए नगरेको काम देखाई बद्‌नियतपूर्वक गलत नापी किताब, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, पेश गर्ने र स्वीकृतिको लागि सिफारिस गरी रु.२१,४७,४९२।७३ बढी काम गरेको मूल्याङ्कन गर्ने कार्य गरेको देखिएकोले निजहरुको उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजहरुलाई उक्त कसुरमा ऐ.ऐ. दफा १९ को उपदफा (२) बमोजिम थप कैद र जरिवाना हुन समेत मागदाबी लिइएको छ ।

ख) **गणेश भण्डारी (ठेकेदार)** ले आफूले गैरकानूनी लाभ लिने र गाउँपालिकालाई हानी पुऱ्याउने उद्देश्यले थलाल्नादेखि कल्खेसम्म र लौठीदेखि रिल्म हुँदै विगोठीसम्म सडक निर्माणमा फिल्डमा भएको वास्तविक कामभन्दा नापी किताबमा बढी काम गरेको देखाई बद्‌नियतसाथ वास्तविक कामभन्दा बढी भुक्तानी लिई रु.२१,४७,४९२।७३ बराबरको रकम बद्‌नियतसाथ सरकारी सम्पत्तिको आफूलाई लाभ र नेपाल

सरकारलाई हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा निज गणेश भण्डारीलाई विगो रु.२१,४७,४९२।७३ (अक्षेरुपी एक्काइस लाख सतचालीस हजार चार सय बयानब्बे रुपैयाँ त्रिहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा विगोबमोजिम जरिवाना गरी उल्लिखित विगोसमेत निजबाट ऐ. ऐनको दफा ८(४) बमोजिम नै जफत हुन समेत मागदाबी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी